# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन
बागमती प्रदेश, नेपाल

प. सं. ८/२०७७/०७८ प्र. ज. वि. शा.
च. नं. १२९

मिति: २०७७/०४/०८

विषय: निर्णय कार्यान्वयन सम्बन्धमा ।

श्री वडा कार्यालयहरु (सबै),
भरतपुर महानगरपालिका ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प. सं. ०७७/०७८ च. नं. १२ मिति २०७७/४/७ गतेको पत्र र साथमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बुटवलको प्राप्त पत्रको छायाँप्रति समेत यसैसाथ संलग्न छ। व्यहोरा उक्त पत्रबाट अवगत गर्नुभई उक्त निर्णय कार्यान्वयन गर्नु गराउनुहुन पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

२०७७/०४/०८

(झलककुमार श्रेष्ठ)
अधिकृतस्तर सातौं

फोन नं. ०५६-५२०१६७,५२१४६७,५३००६२,५२६९५१,५२२२५२,५२५७७१,फ्याक्स नं. ०५६-५२००१४

नेपाल सरकार

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(सूचना तथा प्रविधि शाखा)

पत्र संख्या : ०७७/०७८
चलानी नं. : ९२

मिति : २०७७।४।७

भरतपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दर्ता नं.: ४८८
दर्ता मिति: २०७७।४।८

विषय: निर्णय कार्यान्वयन सम्वन्धमा ।

श्री स्थानीय तहहरु — ७५३ (सवै)

प्रस्तुत विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बुटवलको प.सं. ३/९१७/०७७/०७८ मिति २०७७।४।६ च.नं. ०५७८ को निर्णय कार्यान्वयन सम्वन्धी पत्र यसै साथ संलग्न रहेको छ । पत्रानुसार स्थानीय तहहरुले औधोगिक भ्रमण कार्यक्रमको औचित्य, उपयोगिता, प्रतिफल र प्रभावकारिताको विश्लेषण नगरी अध्ययन अवलोकन भ्रमणका नाममा बजेट विनियोजन गर्ने र फजुल खर्च गर्ने प्रवृत्ति निरुत्साहित गर्न सवै स्थानीय तहहरुलाई यस मन्त्रालय मार्फत सुझाव लेखि पठाउने भनी सम्मानीत आयोगको मिति २०७७।३।११ मा निर्णय भएकोले उक्त निर्णय कार्यान्वयन गर्नु गराउनु हुन अनुरोध छ ।

शेखर निधि पौड्याल
शाखा अधिकृत

वोधार्थ:
श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय,
बुटवल

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
सबै वडा कार्यालयमा
पठाउने

फोन नं. : (+९७७)-(१)-४२००३०६
इमेल: mofagamails@gmail.com बेवसाईट: www.mofaga.gov.np

"सक्षम निजामती प्रशासन: विकास, समृद्धि र सुशासन"

फोन नं. :०७१-५४००३१, ५४०८३७
फ्याक्स नं. ०७१-५४०८२३
Email: ciaabutwal@gmail.com

# अख्तियार दुरुपयोग अनुसन्धानआयोगको कार्यालय
## बुटवल

पत्रसंख्या : ३/९१७/०७७/०७८
चलानी नम्बर :-०५५८

मितिः-२०७७।०४।०६

विषयः- निर्णय कार्यान्वयन सम्बन्धमा।

सूचना तथा प्रविधि शाखा
दर्ता नं. ९१
०६६/४१६

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाण्डौ ।

प्रस्तुत विषयमा यस कार्यालयमा दर्ता भएको उ.द.नं. १०६ मिति २०७६।०४।१५ को जिल्ला नवलपरासी (वर्दघाट सुस्ता पश्चिम) पाल्हीनन्दन गाउँपालिका वडा न. ५, ६ र अन्य वडाहरुका लागि हेण्डपाईप जडान योजनामा आर्थिक अनियमितता गरेको र वडा नं. ५ का युवाहरुलाई औधोगिक भ्रमण कार्यक्रममा रकम हिनामिना गरेको भन्ने समेत व्यहोराको उजुरीका सम्बन्धमा छानविन हुँदा औधोगिक भ्रमण कार्यक्रमकाको औचित्य, उपयोगिता, प्रतिफल र प्रभावकारिताको विश्लेषण नगरी स्थानिय तहहरुले अध्ययन अवलोकन भ्रमणका नाममा बजेट विनियोजन गर्ने र फजुल खर्च गर्ने प्रवृत्ति निरुत्साहित गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८ को उपदफा (१) (ख) बमोजिम पाल्हीनन्दन गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, नवलपरासी (वर्दघाट सुस्ता पश्चिम) लगायत सबै पालिकाहरुलाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत सुझाव लेखि पठाउने भनी अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल काठमाडौंबाट मिति २०७७।०३।११ मा निर्णय भएकोले सोही बमोजिमको निर्णय कार्यान्वयन गर्न/गराउनु हुन अनुरोध छ।

..........................
(डा.भीष्मकुमार भुसाल
सहसचिव
(कार्यालय प्रमुख)